## वस्तुगत प्रश्नोत्तर

१. **सरकारले सार्वजनिक प्रशासनलाई चुस्त र प्रभावकारी बनाउने उद्देश्यसाथ १० वर्षे रणनीतिक योजना कहिले सार्वजनिक गरेको हो ?**
- विक्रम संवत् २०७७ चैत २५ ।
- सबल सङ्घीयता, सक्षम, सुदृढ र उत्तरदायी सार्वजनिक प्रशासनको सोचसहित ल्याइएको रणनीतिक योजनामा स्थानीय तहको सबलीकरण, तहगत अन्तरसम्बन्धको सुदृढीकरण एवम् व्यावसायिक, सदाचारी र उत्प्रेरित कर्मचारीतन्त्रको विकास गरी सार्वजनिक सेवा प्रवाहमा उत्कृष्टता ल्याउने उद्देश्य राखिएको ।
- सार्वजनिक प्रशासनको सुधारका लागि पहिलोपटक यस्तो रणनीतिक योजना तर्जुमा गरिएको ।
- सरोकारवालामा सङ्घीयताका सम्बन्धमा समान बुझाइ र समझदारी कायम गर्नु, जनप्रतिनिधि र कर्मचारीबीच सहयोगात्मक भावनाबाट कार्यसम्पादन गर्नु, नागरिकमा सार्वजनिक प्रशासनप्रति विश्वास अभिवृद्धि गर्नु, सार्वजनिक सेवा प्रशासनमा प्रतिभावान जनशक्तिलाई आकर्षण गर्नु र टिकाइराख्नुजस्ता विषयलाई योजनाका प्रमुख चुनौतीका रूपमा लिइएको ।

२. **नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानले 'राष्ट्रिय अरनिको प्रज्ञा-सम्मान २०७७ कसलाई प्रदान गऱ्यो ?**
- वरिष्ठ कलाकार वत्सगोपाल वैद्य र प्रवीणकुमार श्रेष्ठ ।
- (पुरस्कार राशि : एक लाख) ।

३. **मुक्तक विधालाई समृद्ध बनाउन तथा जनस्तरमा विस्तार गर्ने उद्देश्यसाथ घुम्ती मुक्तक नेपाल स्थापना कहिले गरिएको हो ?**
- विसं २०७७ चैत २७ ।

४. **अमेरिकी चर्चित म्यागजिन फोर्ब्सद्वारा सन् २०२१ अप्रिल ७ मा सार्वजनिक विश्वका धनाढ्यको सूचीअनुसार पहिलो स्थानमा पर्न सफल धनाढ्य को हुन् ?**
- जेफ बेजोस
- फोर्ब्सको सूचीअनुसार सर्वाधिक धनी दस अर्बपति
- अर्बपतिको सूचीमा सबैभन्दा धेरै अर्बपति (७२४ जना) अमेरिकाका रहेका । यसपछि दोस्रो स्थानमा चीन (६९८ जना) का रहेका ।
- दक्षिण एसियाली राष्ट्र भारतबाट १४० जना अर्बपति सूचीमा पर्न सफल भएका ।

| सि. नं. | अर्बपति | कम्पनी | सम्पत्ति (अमेरिकी डलर) |
|---|---|---|---|
| १. | जेफ बेजोस (अमेरिका) | अमेजन | १ सय ७७ अर्ब |
| २. | एलन मस्क (अमेरिका) | टेस्ला | १ सय ५१ अर्ब |
| ३. | बर्नान्ड अर्नाल्ट -फ्रान्स) | लक्जरियस गुड्स | १ सय ५० अर्ब |
| ४. | बिल गेट्स (अमेरिका) | बिक्रेता | १ सय २४ अर्ब |
| ५. | मार्क जुकरबर्ग (अमेरिका) | माइक्रोसफ्ट | ९७ अर्ब |
| ६. | वारेन्ट बफेट (अमेरिका) | फेसबुक | ९६ अर्ब |
| ७. | लारी इलिसन (अमेरिका) | वर्कसायर हाथ्वे | ९३ अर्ब |
| ८ | लारी पेज (अमेरिका) | सफ्टवेयर कम्पनी | ९१.५ अर्ब |
| ९. | सेर्गेइ ब्रिन (अमेरिका) | गुगलका मालिक | ८९ अर्ब |
| १०. | मुकेश अम्बानी (भारत) | गुगल रिलायन्स कम्पनी | ८४.४ अर्ब |

५. **रेडियो नेपालले कहिलेदेखि बाल समाचार सुरु गरेको हो ?**
- विसं २०६४ वैशाख १ ।

६. **गृह मन्त्रालयद्वारा प्रकाशित तथ्याङ्कअनुसार हाल देशभर लागूऔषधका दुर्व्यसनी कति छन् ?**
- एक लाख ३० हजार ४२४ ।
- तथ्याङ्कअनुसार अधिकांश दुर्व्यसनी १५ देखि २४ वर्ष उमेर समूहका रहेका ।
- प्रत्येक वर्ष ५.०६ प्रतिशतका दरले दुर्व्यसनी बढ्ने देखिएको ।

७. **नेपालको इतिहासमा कुन काललाई पहिलो अभिलेखीकृत शासनकाल मानिन्छ ?**
- लिच्छविकाल ।

८. **भियतनामको राष्ट्रपति पदमा को चयन भएका छन् ?**
- नुएन भुआन फुक ।
- फुकले सन् २०२१ अप्रिल ५ मा औपचारिक रूपमा सपथ लिनुभएको ।



९. **कम्प्युटरमा प्रयोग हुने इन्टेलको पूरा रूप के हो ?**
- इन्टिग्रेटेड इलेक्ट्रोनिक्स ।

१०. **नेपाल चेम्बर अफ कमर्सको अध्यक्षमा को चयन भएका छन् ?**
- राजेन्द्र मल्ल (विसं २०७७ चैत २६) ।

११. **संयुक्त अधिराज्य (बेलायत)का महारानी एलिजावेथ द्वितीयाका पति राजकुमार फिलिप (ड्युक अफ एडनवर्ग)को निधन कहिले भएको हो ?**
- सन् २०२१ अप्रिल ९ ।

१२. **आर्थिक वर्ष २०७७/०७८ को पहिलो आठ महिनामा नेपालको सार्वजनिक ऋण जीडीपी कति प्रतिशत पुगेको छ ?**
- ३८.५१ प्रतिशत ।
- २०७७ फागुन मसान्तसम्म सरकारले भुक्तानी गर्न बाँकी कुल ऋण १५ खर्ब १८ अर्ब ९२ करोड पुगेको ।
- केन्द्रीय तथ्याङ्क विभागका अनुसार हाल नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) ३९ खर्ब ४३ अर्ब ७० करोडबराबर रहेको ।
- अर्थ मन्त्रालयका अनुसार २०७७ फागुन मसान्तसम्म नेपालको कुल आन्तरिक ऋण सात खर्ब १८ अर्ब तीन करोड रुपियाँ पुगेको । त्यस्तै, कुल सार्वजनिक विदेशी ऋण आठ खर्ब ८९ करोड रुपियाँबराबर पुगेको ।
- विभागले राष्ट्रिय लेखा गणनाका आधार वर्ष परिवर्तन गर्दै जीडीपीको रिवेसिङ गरेको । विभागले यसअघि सन् २०००/०१ लाई आधार वर्ष मानेर त्यसका आधारमा राष्ट्रिय लेखा गणना गर्दै आएकोमा अहिले त्यसलाई प्रतिस्थापन गरी सन् २०१०/११ लाई नयाँ आधार वर्ष कायम गरेको ।
- गणना वर्ष परिवर्तनपश्चात् अर्थतन्त्रको आकार १ खर्ब ७६ अर्ब ७० करोड रुपियाँले वृद्धि भएको ।
- पहिलेकै आधार वर्षका आधारमा हेर्दा हाल नेपालको अर्थतन्त्रको आकार ३७ खर्ब ६७ अर्ब रुपियाँ हुने, साथै पहिलेको जीडीपीलाई आधार मान्दा नेपालको सार्वजनिक ऋणको आकार ४०.३२ प्रतिशतबराबर हुन आउने ।

१३. **विश्व स्वास्थ्य सङ्गठनका अनुसार वातावरणीय स्वच्छताका हिसाबले एयर क्वालिटी इन्डेक्स (एक्युआई) कति हुनुपर्छ ?**
- ५० एक्युआईभन्दा तल ।
- (विश्व स्वास्थ्य सङ्गठनले ५० एक्युआईभन्दा तल भएको अवस्थालाई स्तरीय मानेको । नेपाल सरकारले भने त्यसलाई एक सयमुनि निर्धारण गरेको अर्थात् एक्युआई एक सयसम्मको अवस्थालाई सामान्य मानेको ।)

१४. **आईएसओ-९०० वस्तुको गुणस्तरसँग सम्बन्धित छ भने आईएसओ १४०० केसँग सम्बन्धित छ ?**
- वातावरण व्यवस्थापन ।

१५. **'दादानी प्रथा' कस-कसको बीचमा प्रचलित व्यापारिक प्रथा हो ?**
- अलैँची उत्पादक किसान र खरिद गर्ने व्यापारीबीच

१६. **सवारीसाधनको धूँवाको मात्रा नाप्ने इकाइ एचएसयुको पूरा रूप के हो ?**
- हेरिटेज स्मोक युनिट ।

१७. **कलाकार अरनिकोलाई चिनियाँले के भनी सम्बोधन गर्थे ?**
- आनिक ।

१८. **रेड रिबन कुन रोगको जनचेतनाको चिह्नका रूपमा प्रयोग गरिन्छ ?**
- एचआईभी एड्स ।

१९. **नागार्जुन दरबारको निर्माण कसले गरेका हुन् ?**
- जुद्धशमशेर ।

२०. **नेपालमा सबैभन्दा बढी गजुर भएको मन्दिर कुन हो ?**
- पाटनको कृष्णमन्दिर (२१ गजुर) ।



२१. **तीन जिल्ला जोड्नेगरी तीनमुखे झोलुङ्गेपुलको निर्माण कहाँ गर्न थालिएको छ ?**
- रिडीधाम (स्याङ्जा, गुल्मी र पाल्पा जिल्लालाई जोड्नेगरी) ।
- आवागमनको सहजीकरणका साथै धार्मिक तथा पर्यटकीय दृष्टिले समेत महत्त्व राख्नेगरी सरकारले सो पुल निर्माण गर्न थालेको । सरकारले यस पुललाई विशिष्टीकृत पुलको नामकरण गरेको ।
- आव २०७७/०७८ भित्रै पुल निर्माण गरिसक्ने योजना रहेको जनाइएको ।

२२. **नेपाल उद्योग वाणिज्य महासङ्घले कुन अवधिसम्ममा नेपालको अर्थतन्त्र सय अर्ब डलर पुऱ्याउने लक्ष्यसहित भिजन पेपर-२०३० सार्वजनिक गरेको छ ?**
- १० वर्ष ।
- भिजन पेपरमा वार्षिक चार लाख रोजगारी सिर्जना गर्ने परिकल्पनासहित एक सयवटा योजना समावेश गरिएको ।
- त्यस्तै, भिजन पेपरमा मुलुकको अर्थतन्त्र दोहोरो अङ्कमा वृद्धि गर्ने, आगामी १० वर्षभित्र मुलुकको अर्थतन्त्र एक सय अर्ब डलर पुऱ्याउने र दिगो उच्च आर्थिक वृद्धिमार्फत अतिरिक्त २२ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको ।
- महासङ्घको ५५औँ वार्षिक साधारणसभा एवम् उद्योग-वाणिज्य दिवस २०७७ को अवसरमा भिजन पेपर सार्वजनिक गरिएको ।

२३. **२०७७ चैतमा पोखरामा सम्पन्न आहा-रारा गोल्ड कपको उपाधि कसले जित्यो ?**
- काठमाडौँको सङ्कटा क्लब ।

२४. **'पर्यटनका लागि सँगसँगै' भन्ने नारासाथ 'नेपाल पर्यटन वर्ष' कहिले मनाइयो ?**
- सन् २०११ ।
- (यसअघि सन् १९९८ लाई 'नेपाल भ्रमण वर्ष' र सन् २००२-२००३ लाई 'गन्तव्य नेपाल वर्ष'का रूपमा मनाइएको थियो ।)

२५. **नदी प्रणालीका आधारमा नेपाललाई कति भागमा विभाजन गरिएको छ ?**
- तीन भागमा ।

२६. **नेपाली साहित्यमा त्रिमूर्ति भनी चिनिने साहित्यकार को-को हुन् ?**
- लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल र बालकृष्ण सम ।

२७. **महान्यायाधिवक्ताको नियुक्ति कसरी गरिन्छ ?**
- प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट ।

२८. **तारा, ग्रह, उपग्रह, शिशुग्रह, उल्का, पुच्छ्रेतारालगायतका खगोलीय पिण्ड एवम् धुलकण र ग्यासीय पदार्थको अति विशाल समूहलाई के भनिन्छ ?**
- तारापुञ्ज ।
- (सौर्यमण्डलमा रहेको तारापुञ्जलाई आकाश गङ्गा तारापुञ्ज भनिन्छ, जुन कमानी आकारको छ ।)

२९. **कुनै एउटा वंशबाट अर्को वंशमा वंशाणुबाट सर्दै गएको परिवृत्तिलाई के भनिन्छ ?**
- वंशाणुगत परिवृत्ति ।

३०. **नेपालको सबैभन्दा पुरानो अस्पतालका रूपमा चिनिने वीर अस्पतालको स्थापना कहिले भएको हो ?**
- विसं १९४६ साउन १२ ।




प्रस्तुतकर्ता : टङ्क केसी

## विषयगत प्रश्नोत्तर

# के हो जिन्सी व्यवस्थापन ?

१. **जिन्सी व्यवस्थापन भनेको के हो ? नेपालको सार्वजनिक प्रशासनमा यसको महत्त्वमाथि प्रकाश पार्नुहोस् ।**

कार्यालयलाई आवश्यक पर्ने जिन्सी मालसामानको खरिद योजना बनाउनेदेखि खरिद गर्ने, अभिलेख गर्ने, प्रयोग गर्ने, मर्मत-सम्भार गर्ने, भौतिक अवस्थाको यथार्थ प्रतिवेदन गर्नेलगायतका समष्टिगत कार्यलाई जिन्सी व्यवस्थापन भनिन्छ । यो कार्यालयमा भौतिक साधन स्रोतको परिचालन एवम् व्यवस्थापनको कार्य हो । यसले जिन्सी मालसामानको आम्दानी, खर्च र बाँकीको यथार्थ अवस्थाको चित्रण गर्छ । नेपालमा जिन्सी व्यवस्थापनलाई व्यवस्थित गर्न कानुनी एवम् संस्थागत व्यवस्था गरिएको छ । सार्वजनिक खरिद ऐन नियम, आर्थिक कार्यविधि ऐन नियम, सार्वजनिक खरिद अनुगमनको कार्यालय, जिन्सी मलेप फारामको व्यवस्था छ र पनि नेपालमा जिन्सी व्यवस्थापन कार्य अझै व्यवस्थित हुन सकेको पाइँदैन ।

- **नेपालको सार्वजनिक प्रशासनमा जिन्सी व्यवस्थापनको महत्त्व**
- नेपालमा जिन्सी मालसामानमा ठूलो लगानी छ, यसमा दुरुपयोगको अवस्था पनि विद्यमान छ । त्यसकारण जिन्सीमा भएको सरकारी लगानीको सही सदुपयोग गर्नका लागि नेपालको सार्वजनिक प्रशासनमा जिन्सी व्यवस्थापनको महत्त्व छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- खरिद योजना तर्जुमा गरी सोहीअनुसार खरिदको कार्य गर्न,
- जिन्सी मालसामानको संरक्षण गर्न,
- जिन्सी मालसामान अनावश्यक खरिद हुन नदिन,
- सरकारी कार्यालयमा नियमित कार्यसञ्चालन गर्न,
- जिन्सी मालसामानको प्रयोगमा मितव्ययिता र पारदर्शिता कायम गर्न, दुरुपयोग रोक्न,
- जिन्सी मालसामानको यथार्थ अवस्था दर्शाउन,
- पुराना, टुटफुट एवम् काम नलाग्ने मालसामान पहिचान गरी लिलाम बिक्री गर्न, हटाउन, नष्ट गर्न ।

२. **नेपालको निजामती सेवामा मुख्य सचिव र सचिव बढुवासम्बन्धी के-कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

नेपालको निजामती सेवामा मुख्य सचिव र सचिव बढुवासम्बन्धी व्यवस्था निजामती सेवा ऐन-२०४९ र नियमावली-२०५० मा गरिएको छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- (क) **मुख्य सचिवको पदमा बढुवा व्यवस्था :**
- ज्येष्ठता र कार्यकुशलताका आधारमा नेपाल सरकारले बहालवाला सचिवमध्येबाट छनोट गरी बढुवा गर्ने,
- (ख) **सचिव पदमा बढुवा व्यवस्था :**
- (१) रिक्त पदमध्ये २० प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनमा औसतमा ९५ प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेका र सम्बन्धित सेवाको सहसचिव पदमा सबैभन्दा बढी सेवा अवधि भएका सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्ने,
- (२) रिक्त पदमध्ये ८० प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सम्बन्धित सेवाका सम्भाव्य उम्मेदवारमध्येबाट उपलब्ध भएसम्म रिक्त पदको तेब्बर सङ्ख्यामा बढुवा समितिले सिफारिस गरेका उम्मेदवारमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताका आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्ने,
- कार्यपरिणाम, गुणस्तर, सिर्जनशीलता, अग्रसरता, कामप्रतिको प्रतिबद्धता एवम् अनुशासनलाई कार्यकुशलता मूल्याङ्कनका आधार बनाइएको,
- **सेवाबमोजिम सचिव बढुवा व्यवस्था :**
- निजामती सेवाको देहायका सेवाका सचिव पदमा देहायबमोजिमका कर्मचारीबाट बढुवा गरिने व्यवस्था छ :
- (अ) **नेपाल कृषि तथा वन सेवा :**
- यस सेवाको सचिव पदमा नेपाल कृषि सेवा र नेपाल वन सेवाका सहसचिव बढुवा हुने,
- (आ) **नेपाल प्रशासन सेवा :**
- यस सेवाको सचिव पदमा नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल विविध सेवा र नेपाल शिक्षा सेवाका सहसचिव बढुवा हुने,
- सचिव पदपूर्तिको पदसङ्ख्या लोकसेवा आयोगले निर्धारण गर्ने,
- लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोकसेवा आयोगको सदस्यको अध्यक्षतामा गठित बढुवा समितिले सचिव पदमा सम्भाव्य उम्मेदरवार सिफारिस गर्ने,
- सचिव पदमा सम्भाव्य उम्मेदवार हुन उच्चस्तरीय व्यवस्थापन तालिम उत्तीर्ण गरेको हुनुपर्ने,
- सचिव पद रिक्त भएको १५ दिनभित्र सम्भाव्य उम्मेदवार सिफारिस गर्नुपर्ने र सिफारिस भएको १५ दिनभित्र पदपूर्ति गर्नुपर्ने ।

३. **सरकारी बजेट भनेको के हो ? स्पष्ट गर्नुहोस् ।**

सरकारी आय र व्ययको अनुमानित विवरणलाई सरकारी बजेट भनिन्छ । यो विगत र वर्तमानको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गरी आगामी आर्थिक वर्षका लागि तयार गरिने सरकारको वार्षिक नीति तथा कार्यक्रम हो । यो सरकारले जनताप्रति गरेको सार्वजनिक प्रतिबद्धता पनि हो । बजेट सामान्यतया एक आर्थिक वर्षका लागि तयार गरिन्छ । बजेटमा आय र व्यय गरी दुई पाटा हुने गर्छन् । आर्थिक वृद्धि, आर्थिक स्थायित्व एवम् सामाजिक न्याय कायम गर्न सरकारी बजेटले सहयोग गर्छ । सरकारी बजेट कार्यपालिकाले तयार गर्छ, व्यवस्थापिकाले स्वीकृत गर्छ र पुनःकार्यपालिकाले कार्यान्वयन गर्छ । नेपालमा सरकारी बजेट प्रणालीलाई व्यवस्थित गर्न संवैधानिक, कानुनी र संस्थागत व्यवस्था छ । प्रत्येक वर्षको जेठ १५ गते संसद्मा सङ्घीय बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ । अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, मन्त्रालय र मन्त्रालयअन्तर्गतका सबै सरकारी निकायहरू यसमा क्रियाशील छन् ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियम, सार्वजनिक खरिद ऐन नियमको व्यवस्था छ । मासिक तथा चौमासिक रूपमा कोष तथा लेखा नियन्त्रण कार्यालयबाट आन्तरिक लेखा परीक्षण र आर्थिक वर्षपश्चात् महालेखा परीक्षकको कार्यालयबाट सरकारी आय र व्ययको अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ र पनि नेपालको सरकारी बजेट प्रणाली अझै व्यवस्थित हुन सकेको छैन । यसका लागि बजेट कार्यान्वयन गर्ने संयन्त्रको क्षमता विकास गरी सोही आधारमा बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ ।

४. **वासलात भनेको के हो ? यसका उद्देश्य उल्लेख गर्दै वासलातमा के-कस्ता पक्ष समावेश हुन्छन् ? लेख्नुहोस् ।**

कुनै संस्था वा व्यवसायको सम्पत्ति, दायित्व, पुँजीलगायत समग्र आर्थिक स्थितिको यथार्थ जानकारी दिन तयार गरिने वित्तीय विवरणलाई वासलात भनिन्छ । यो प्रत्येक वर्षको अन्त्यमा नाफा नोक्सान खाता बनाएपछि बनाइने एक कानुनी मान्यताप्राप्त विवरण हो । यो व्यवसाय वा संस्थाको कार्यप्रगति विवरण पनि हो । यसबाट संस्था वा व्यवसायको कार्यसम्पादन मूल्याङ्कन गर्न सकिन्छ । यसले सेयरधनी लगानीकर्ता, प्रबन्धकर्ता, साहु, कर्मचारी, कर्मचारी ट्रेड युनियन, सरकार तथा अन्य सरोकारवालालाई आवश्यक पर्ने सूचना प्रदान गर्छ ।

- कर लगाउने प्रयोजनका लागि त यो विवरण महत्त्वपूर्ण दस्तावेज हो, त्यसैले कर कार्यालयको कर अधिकृतको आँखा सर्वप्रथम व्यवसायको वासलातमा पर्ने गर्छ । आर्थिक वर्षको अन्तिम दिन तयार गरिने यस विवरणको दायाँतर्फ सम्पत्ति र बायाँतर्फ दायित्व देखाउनुपर्छ । यी दुई पक्ष बराबर हुन्छन् । यो खाता नभई, आर्थिक स्थितिको विवरणपत्र भएकाले यसमा डेबिट र क्रेडिट पक्ष हुँदैनन् ।
- **वासलातका उद्देश्य**
- वासलात व्यवसाय वा संस्थाको वित्तीय विवरण भएकाले यसको प्रयोग धेरै व्यक्ति वा निकायले गर्ने हुँदा यसको बहुआयमिक उद्देश्य हुन्छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- व्यवसाय वा संस्थाको सम्पत्तिको स्थिति, प्रकृति र अवस्थाको अवगत गराउनु,
- व्यवसाय वा संस्थाको दायित्वको अवस्था प्रस्ट खुलाउनु,
- व्यवसाय वा संस्थाको पुँजी, लगानी, नाफा नोक्सानको यथार्थ अवस्था देखाउनु,
- व्यवसाय वा संस्थाको तरलताको जाँच गर्नु,
- व्यवसाय वा संस्थाको भविष्य मूल्याङ्कनका लागि आधार प्रदान गर्नु,
- साहु तथा आसामीको स्थिति जानकारी गराउनु,
- व्यवसाय वा संस्था खारेज, बिक्री वा निरन्तरताका लागि आवश्यक पर्ने सूचना उपलब्ध गराउनु,
- संस्था वा व्यवसायमा लगानीसम्बन्धी निर्णय गर्न सहयोग गर्नु,
- **वासलातमा समावेश पक्ष**
- प्रत्येक वर्षको अन्त्यमा नाफा नोक्सान खाता बनाएपछि आर्थिक वर्षको अन्तिम दिन तयार गरिने यस विवरणमा मूलतः दुई पक्ष हुन्छन् । एउटा सम्पत्ति पक्ष र अर्को दायित्व पक्ष । वासलातको दायाँतर्फ सम्पत्ति र बायाँतर्फ दायित्व देखाउनुपर्छ । यी दुई पक्ष बराबर हुनुपर्छ । यी दुवै पक्षमा समावेश हुने बुँदालाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :
- **दायित्व पक्षमा समावेश हुने बुँदा :**
- तिर्नु पर्ने बिल,
- बैङ्क ओभरड्राफ्ट,
- साहु,
- ऋण,
- सुरक्षित कोष : यसअन्तर्गत पेन्सन कोष, ह्रासकट्टी कोष आदि पर्छन् ।
- पुँजी : यसमा नाफा नोक्सान खाताको खुद नाफा भए जोड्नुपर्छ र खुद नोक्सान भए यसबाट घटाउनुपर्छ ।
- **सम्पत्ति पक्षमा समावेश हुने बुँदा :**
- नगद मौज्दात,
- बैङ्क मौज्दात,
- भुक्तानी पाउनुपर्ने बिल,
- आसामी,
- फर्निचर, सवारीसाधन,
- लगानी,
- जग्गा तथा भवन,
- अदृश्य सम्पत्ति जस्तै : संस्थाको ख्याति, ट्रेडमार्क, पेटेन्ट अधिकार आदि ।
- अन्तिम मौज्दात ।
- वासलातले पूर्णता पाउनका लागि यसमा समायोजन हुने केही कारोबार हुन्छन्, जसलाई वासलातमा समावेश गर्नुपर्छ, ती केही समायोजन हुने कारोबार निम्न छन् :
- **क. अन्तिम मौज्दात** : लागत मूल्य र बजार मूल्यमा फरक परेमा जुन कमी छ, त्यसलाई वासलातको सम्पत्ति पक्षमा समावेश गर्नुपर्छ र नाफा नोक्सान खाताको क्रेडिट पक्षमा राख्नुपर्छ ।
- **ख. पेस्की खर्च** : यसलाई वासलातको सम्पत्ति पक्षमा र नाफा नोक्सान खातामा सम्बन्धित शीर्षकबाट घटाएर देखाउनुपर्छ ।
- **ग. भुक्तानी दिनुपर्ने खर्च** : यसलाई वासलातको दायित्व पक्षमा र नाफा नोक्सान खातामा सम्बन्धित शीर्षकमा उक्त खर्च जोडेर देखाउनुपर्छ ।
- **घ. ह्रास खर्च** : यसलाई वासलातमा सम्बन्धित सम्पत्तिमा घटाउनुपर्छ र नाफा नोक्सान खाताको डेबिटमा खर्चका रूपमा राख्नुपर्छ ।

५. **सार्वजनिक क्षेत्र र निजी क्षेत्र भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।**

सरकारी लगानीमा वस्तु तथा सेवाको उत्पादन, मूल्य निर्धारण एवम् वितरण गर्ने कार्यलाई सार्वजनिक क्षेत्र भनिन्छ । आर्थिक गतिविधि एवम् क्रियाकलापमा सरकारको स्वामित्व र नियन्त्रण रहने हुँदा यसलाई सरकारी क्षेत्र पनि भनिन्छ । यो सार्वजनिक क्षेत्रको पुँजी निर्माण, नीति निर्माण, व्यवस्थापन तथा सञ्चालन गर्ने कार्य हो । वस्तु तथा सेवाको उत्पादन गर्न सार्वजनिक क्षेत्रमा सञ्चालित यस्ता व्यावसायिक कम्पनीमा सरकारको लगानी हुनाले यिनको मुख्य उद्देश्य नाफा आर्जन गर्नुभन्दा जनताको हित प्रवर्द्धन गर्नुहुन्छ । सरकारी अनुदानले गर्दा यस्ता व्यवसाय जटिल एवम् प्रतिकूल अवस्थामा पनि सञ्चालित हुन्छन् ।

- यस्ता व्यवसायलाई पूर्ण रूपमा सरकारी सुरक्षा तथा सहयोग प्राप्त हुन्छ । सार्वजनिक क्षेत्रअन्तर्गत सरकारको लगानी भएका सार्वजनिक संस्थान जस्तै नेपालमा नेपाल वायु सेवा निगम, नेपाल टेलिकम, नेपाल टेलिभिजनलगायतका संस्था पर्छन् । यस्ता व्यावसायिक कम्पनीको व्यवस्थापन र सञ्चालनसम्बन्धी निर्णय स्वायत्त रूपमा कम्पनीबाटै हुने भए पनि तिनको नीति तथा उद्देश्य तर्जुमा सरकारबाटै हुने गर्छ । यस्ता कम्पनीको लेखापरीक्षण पनि सरकारी निकायजस्तै महालेखापरीक्षकबाट हुने गर्छ ।
- त्यसैगरी, सरकारको स्वामित्व र नियन्त्रण नहुने सबै किसिमको स्वतन्त्र बजार अर्थतन्त्रलाई निजी क्षेत्र भनिन्छ । यो निजी क्षेत्रका व्यक्ति वा समूहबाट सञ्चालन हुने बजार हो । खुला बजार तथा आर्थिक उदारीकरणमा निजी क्षेत्रलाई विकासको इन्जिनका रूपमा लिइन्छ । यो नाफा आर्जनको उद्देश्य राखेर सञ्चालित व्यवसाय हो । निजी क्षेत्र सरकार नियन्त्रित व्यवसाय नभए पनि सरकारद्वारा तर्जुमा गरिएको आर्थिक योजना र कानुनअन्तर्गत रहेर चल्नुपर्छ । निजी क्षेत्रअन्तर्गत एकल स्वामित्व, साझेदारी, निजी सीमित स्वामित्व एवम् सार्वजनिक सीमित स्वामित्वलगायतका व्यवसाय पर्छन् ।

६. **निजामती सेवाको छोटो परिचय दिनुहोस् ।**

सरकारी राज्यकोषबाट तलब सुविधा पाउने, विशिष्ट ज्ञान र सीप भएका, स्थायी प्रकृतिका कर्मचारीको पेशागत समूह निजामती सेवा हो । निजामती सेवा सरकारी सेवा हो । यो राजनीतिप्रति तटस्थ र सरकारका नीति तथा कार्यक्रमप्रति प्रतिबद्ध हुन्छ । सरकारका नीति तथा कार्यक्रम जनतासमक्ष पुऱ्याई देश र जनताको निरन्तर सेवा गर्ने यो सरकारको एक स्थायी संयन्त्र हो । यसले राजनीतिक शून्यतामा पनि जनतामा निरन्तर सेवा प्रवाह गर्छ । नेपालमा निजामती सेवालाई व्यवस्थित गर्न कानुनी र संस्थागत व्यवस्था गरिएको छ र पनि मुलुकको निजामती सेवा जनअपेक्षाअनुरूप व्यवस्थित, पारदर्शी, आधुनिक, जिम्मेवार एवम् जवाफदेही भएको पाइँदैन ।

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा